# हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडको
# उन्नाइसौं बार्षिक साधारण सभाको
# निर्णय विवरण (माईन्युट)

## १. बैधानिक रुपमा सभाको संचालनः

हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडको संचालक समितिको मिति २०८२।१०।०२ गते शुक्रबार (तद्नुसार १६ जनवरी २०२६) बसेको ६० औं बैठकको निर्णयानुसार बोलाईएको आ.व. २०८१।८२ को उन्नाइसौं बार्षिक साधारणसभा संचालक समितिका अध्यक्ष श्री शुलभ अग्रवालज्यूको अध्यक्षतामा मिति २०८२।१०।२८ गते बुधबार (तदनुसार ११ फेब्रुअरी २०२६) बिहान १०:०० बजे देखि दिउँसो १:०० बजे सम्म आम्रपाली बैंक्वेट, भाटभटेनी, नक्साल काठमाण्डौंमा बसी देहायका बिषयहरु उपर छलफल तथा निर्णय भयो ।

## २. सभाको सूचना प्रकाशनः

कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम कम्पनीको बार्षिक साधारण सभाको सूचना, यस हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडको आ.व. २०८१।८२ को अवधिको लागि NFRS बमोजिम तयार गरिएको लेखापरीक्षण प्रतिवेदन सहितको बार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुलाई उपलब्ध गराउनुका साथै सभाको पहिलो सूचना मिति २०८२/१०/०४ गतेको नेपाल समाचारपत्र दैनिक र दोश्रो सूचना मिति २०८२/१०/२१ गतेको नागरिक दैनिकमा प्रकाशित गरिएको थियो । त्यसैगरी सम्पूर्ण शेयरधनीहरुले हेर्न मिल्ने गरी बार्षिक साधारण सभाको सूचना कम्पनीको वेवसाइट www.himalayanlife.com.np मा राखी सम्बन्धित निकायहरुमा समेत पेश गरिएको थियो ।

## ३. छलफलका बिषयहरुः

### (क) साधारण प्रस्तावः

१. संचालक समितिको आ.व. २०८१/८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. कम्पनीको आ.व.२०८१/८२ को अवधिको लागि NFRS बमोजिम तयार गरिएको लेखापरीक्षकको प्रतिवेदन, वासलात तथा नाफा/नोक्सान हिसाब एवं नगद प्रवाह विवरण र तत्सम्वन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/८३ को लागि बाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।
४. संचालक समितिबाट गरिएको स्वतन्त्र संचालकको नियुक्तिको अनुमोदन गर्ने सम्बन्धमा ।

### (ख) विशेष प्रस्तावः

१. कम्पनीको प्रस्तावित बिषय उपर नियमनकारी निकायहरुले कुनै फेरबदल, संसोधन एवं परिमार्जनको लागि निर्देशन दिएमा सोही बमोजिम गर्न संचालक समितिलाई अख्तियारी दिने ।

२. कम्पनी ऐनको दफा १०५ को (१) (ग) बमोजिम आ.व. २०८१।८२ मा भएको खर्चको अनुमोदन गर्ने ।

(ग) विविध: ।

४. **साधारण सभामा उपस्थिती:**

४.१ **संचालक समितिका पदाधिकारीहरु**

| | | |
|---|---|---|
| १. | श्री शुलभ अग्रवाल | अध्यक्ष |
| २. | श्रीमती प्रमिला के.सी. | संचालक |
| ३. | श्री सचिन आचार्य | संचालक |
| ४. | श्री आशिष ढकाल | संचालक |
| ५. | श्री दिपक नेपाल | संचालक |

४.२ **अन्य पदाधिकारीहरुको उपस्थिती**

| | | |
|---|---|---|
| १. | श्री कपिल कुमार दाहाल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री राजन प्रसाद अधिकारी | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री लक्ष्मण ज्ञवाली | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ४. | श्री ईश्वर कुमार सेडाई | कम्पनी सचिव |
| ५ | श्री नविन थापा | प्रमुख व्यापार अधिकृत |

५. **सभाको गणपुरक संख्या:**

| | |
|---|---|
| कुल शेयर संख्या | ९,१४,३२,३७३.०५ कित्ता |
| जम्मा शेयरधनी संख्या | ५,२२,५८२ जना |
| आवश्यक गणपुरक शेयर संख्या | ४,५७,१६,१८७.५३ कित्ता |
| स्वयं उपस्थित शेयर संख्या | ९४,१२,६९० कित्ता |
| प्रतिनिधिपत्र मार्फत उपस्थित शेयर संख्या | ४,०२,७२,१५२ कित्ता |
| जम्मा उपस्थित शेयर संख्या | ४,९६,८४,८४२ कित्ता |
| स्वयं उपस्थित शेयरधनी | ७४१ जना |
| प्रतिनिधिपत्र मार्फत उपस्थित शेयरधनी | ९६ जना |
| जम्मा उपस्थित शेयरधनी | ८३७ जना |
| जम्मा उपस्थित शेयर प्रतिशत | ५४.३४ |

६. **सभाको बैधानिकता:**

कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम सभा बोलाईएको, कम्पनी ऐनको दफा ७३ को उपदफा (२) बमोजिम साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा पचास प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा ३ जना शेयरधनीको स्वयं उपस्थिती हुनु पर्ने व्यवस्था भएे अनुसार कम्पनीको उन्नाइसौं

बार्षिक साधारण सभामा ७४१ जना शेयरधनीहरु स्वयं उपस्थित हुनु भएको र प्रोक्सी मार्फत ९६ जनाको गरी जम्मा ८३७ जना शेयरधनीको उपस्थिती रहेको र सो उपस्थिती कुल शेयर संख्याको ५४.३४ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिव ईश्वर कुमार सेडाईले साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कानुन अनुसार उन्नाइसौं बार्षिक साधारण सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

७. **बार्षिक साधारणसभाको प्रस्तुतिः**

बार्षिक साधारण सभाको अध्यक्षता संचालक समितिको अध्यक्ष श्री शुलभ अग्रवालले गर्नु भएको थियो । बार्षिक साधारण सभामा संचालक समितिको सदस्य श्रीमती प्रमिला के.सी.ज्यूले स्वागत मन्तव्य राख्नु भएको थियो । तत्पश्चात संचालक समितिको अध्यक्ष श्री शुलभ अग्रवालज्यूले मन्तब्य राख्नु हुदै कम्पनीको आर्थिक सूचकांकहरु राम्रो भएकोले आगामी दिनमा शेयरधनीहरुलाई उचित प्रतिफल प्रदान गर्ने जानकारी गराउनुभयो । मन्तब्य पश्चात सभाका अध्यक्षज्यूले संचालक समितिको बार्षिक प्रतिवेदन पेश गर्नुभयो र उपस्थित सबै शेयरधनी महानुभावहरुलाई पूर्व निर्धारित छलफलको बिषय सूचीमा उल्लेख गरिएका साधारण र बिशेष प्रस्तावहरुको बारेमा जानकारी गराउनु भयो । साधारण सभामा प्रस्तुत गरिएका बिषयहरु उपर कुनै सुझाव भए छलफलमा भाग लिनको लागि सम्पूर्ण शेयरधनी महानुभावहरु समक्ष अध्यक्षज्यूले आग्रह गर्नुभयो । त्यसपश्चात कम्पनीका निम्न शेयरधनीहरुले बार्षिक प्रतिवेदन उपर मन्तब्य राख्दै सुझावहरु दिनुभएको थियो ।

**मन्तब्य राखी सुझाव दिनुहुने शेयरधनीहरुः**

उद्धव प्रसाद घिमिरे, भेषराज भण्डारी, शत्रुधन श्रेष्ठ, गुणराज भट्ट, सुदिप श्रेष्ठ, ध्रुब न्यौपाने, बिरोचन श्रेष्ठ, गोबिन्द बहादुर के.सी., उत्सव श्रेष्ठ, निरुपमा गुप्ता, अम्बिका गौतम र उत्तम पाठक ।

**लिखित सुझाव दिनुहुने शेयरधनीहरुः**

नरसिंह लाल चंखु, ब्रम्हदेब शाक्य, जगन्नाथ आचार्य, चन्द्रनारायण श्रेष्ठ, लक्ष्मण बहादुर श्रेष्ठ, सुरेन्द्र चिमोरिया, रोज कुमार श्रेष्ठ, बैजुनाथ रौनियार, उत्तम दत्त पाण्डे, युगल बसेल, ईन्द्रकृष्ण श्रेष्ठ, ईन्द्रकृष्ण लामिछाने, कृष्ण प्रसाद अधिकारी, डा. रामजी पण्डित, राम गोपाल महर्जन ।

**शेयरधनीहरुले दिनु भएको सुझावको सार**

कम्पनीले गरिरहेको बीमा व्यवसाय राम्रो देखिएको भए पनि नाफामा सुधार हुन सकेको नदेखिएकोले आगामी दिनमा कम्पनीको नाफा वृद्धि गर्नको लागि ध्यान दिनु पर्ने, शेयरधनीहरुलाई आगामी आ.व.मा डबल डिजिटमा लाभांश दिने व्यवस्था मिलाउनु पर्ने, बैंक वित्तीय संस्थामा गरेको लागानीमा व्याजदर घटेको कारण प्रतिफल प्राप्त हुन नसकेकोले लगानीको नयाँ क्षेत्रहरु पहिचान गरी प्रतिफल बढाउन ध्यान दिनु पर्ने सुझावहरु शेयरधनीहरुले राख्नु भएको थियो । कम्पनीले अनावश्यक रुपमा हुने गरेका खर्चहरु कटौती गरी कम्पनीको नाफा वृद्धि गर्न लिएको लक्ष्य प्रसंशायोग्य रहेको, लगानी तिब्र रुपमा बढिरहेको, व्यवसायमा समेत सकारात्मक वृद्धि भईरहेको अवस्थाले कम्पनीको

आगामी यात्रा सुखद रहेको देखिए पनि शेयरधनीहरुको लगानी बमोजिमको प्रतिफल दिनको लागि कम्पनी गम्भिर हुनु पर्ने भनि शेयरधनीहरुले सुझाव दिनु भएको थियो। कम्पनीको काम कारवाहीलाई प्रभावकारी बनाउने कार्यको लागि संस्थागत सुशासन कायम गर्न प्रर्याप्त ध्यान दिनु पर्ने, कम्पनीका अभिकर्ता, बीमितहरुको हितको लागि समेत उचित रुपमा ध्यान दिनु पर्ने, कम्पनीको लेखापरीक्षण र बीमाङ्किय मुल्यांकनको कार्य समयमै सम्पन्न गरी कम्पनीको बार्षिक साधारण सभा पुष मसान्त भित्र गर्ने व्यवस्था मिलाउन आवश्यक रहेको भनी शेयरधनीहरुबाट सुझावहरु प्राप्त भएको थियो।

**शेयरधनीहरुको जिज्ञासा तथा सुझाव पश्चात कम्पनीको जवाफ:**

**प्रमुख कार्यकारी अधिकृत श्री कपिल कुमार दाहालले दिनु भएको जवाफको सार:**

कम्पनीको गरिमामय बार्षिक साधारण सभामा शेयरधनीहरुबाट व्यक्त भएका सुझावहरु मनन्योग्य भएको र कम्पनीको उन्नती एवं प्रगतीको लागि शेयरधनीहरुले व्यक्त गर्नु भएको रचनात्मक सुझावहरु कम्पनीको लागि मार्गदर्शन भएको बताउनु भयो। कम्पनी सदैब शेयरधनीहरुलाई प्रतिफल प्रदान गर्ने कार्यमा चिन्तनशिल रहेको, यस बर्ष शेयरधनीहरुलाई लाभांश प्रदान गर्न नसकिए पनि आगामी बर्ष लाभांश वितरण गर्न कम्पनी दृढसंकल्पित रहेको जानकारी गराउनु भयो। कम्पनीको आन्तरिक कामकारवाहीको प्रभावकारिता वृद्धि गरी कम्पनीको व्यवसाय बढाउन योजनावद्ध रुपमा कार्य गरिहेको, कम्पनीमा अनावश्यक रुपमा हुने खर्चहरु कटौती गरिन थालिएको, आवश्यकता भन्दा बढि रहेका शाखा तथा उपशाखा कार्यालयहरुलाई मर्जर गरी संख्या घटाईएको, कर्मचारीहरुको संख्यामा समेत कटौती भएको हुनाले आगामी बर्ष कम्पनीको नाफामा सकारात्मक सुधार हुने जानकारी गराउनु भयो। कम्पनीमा व्यवसाय वृद्धि गर्ने, लगानीको उचित व्यवस्थापन गरी प्रतिफल आर्जन गर्ने, अनावश्यक रुपमा हुने खर्चहरु नियन्त्रण गर्ने जस्ता कार्यहरुलाई कम्पनीले प्राथमिकतामा राखेर कार्य गरिरहेको हुनाले आगामी बर्ष देखि शेयरधनीहरुलाई लाभांश वितरण गरिने जानकारी गराउनु भयो।

८. **साधारण सभाको निर्णयहरु:**

१. संचालक समितिको आ.व. २०८१/८२ को बार्षिक प्रतिवेदन पारित गर्नको लागि सभाका अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा सभाबाट प्रस्तुत बार्षिक प्रतिवेदन सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो।

२. यस कम्पनीको आ.व. २०८१/८२ को अवधिको लागि NFRS बमोजिम तयार गरिएको लेखापरीक्षकको प्रतिवेदन, वासलात तथा नाफा/नोक्सान हिसाब एवं नगद प्रवाह विवरण र तत्सम्वन्धी अनुसूचीहरु पारित गर्नको लागि सभाका अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा सभाबाट प्रस्तुत वित्तीय विवरण सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो।

३. लेखापरीक्षण समितिको सिफारिस तथा संचालक समितिको निर्णय बमोजिम आ.व. २०८२/८३ अवधिको लागि बाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक स्वीकृती गर्ने प्रस्ताव अध्यक्षज्यूले पेश गर्नु भएकोमा सभाले एस.ए.आर.एशोसिएट्स चार्टर्ड एकाउन्टेण्ट, काठमाण्डौलाई आ.व. २०८२/८३ अवधिको लागि बाह्य लेखापरीक्षक (कर प्रयोजनको लागि हुने लेखापरीक्षण समेत गर्ने कार्यको लागि) नियुक्त गर्ने र निजले

हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड HIMALAYANLIFE

कम्पनीको बाह्य लेखापरीक्षण समेतको कार्य गरे वापत लेखापरीक्षण शुल्क कर समेत गरी जम्मा रु. ७,००,०००।- (अक्षरेपी सात लाख) प्रदान गर्ने साथै कम्पनीको लेखापरीक्षण गर्ने कार्यको लागि प्रादेशिक, उपप्रादेशिक, शाखा तथा उपशाखा कार्यालयमा जाँदा, आउँदा र बस्दा भएको वास्तविक खर्च समेत भुक्तानी गर्न स्वीकृती गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

४. कम्पनीको संचालक समितिमा रिक्त रहेको स्वतन्त्र संचालक पदमा संचालक समितिको मिति २०८२।०७।२१ गतेको बैठकबाट नियुक्त हुनु भएको संचालक श्री गोपाल घिमिरेको नियुक्ति अनुमोदनको लागि अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा सो नियुक्तिलाई सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरियो ।

(ख) **विशेष प्रस्तावः**

१. कम्पनीको प्रस्तावित बिषय उपर नियमनकारी निकायहरुले कुनै फेरबदल, संसोधन एवं परिमार्जनको लागि निर्देशन दिएमा सोही बमोजिम गर्न संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्नको लागि अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

२. कम्पनी ऐनको दफा १०५ को (१) (ग) बमोजिम कम्पनीबाट आ.व. २०८१।८२ को अवधिमा सहयोग अन्तर्गत कम्पनीबाट भएको खर्च रु. ५०,०००।- अनुमोदनका लागि सभाका अध्यक्षज्यूले सभामा प्रस्ताव पेश गर्नु भएकोमा सभाबाट सहयोग अन्तर्गत भएको जम्मा खर्च रकम रु. ५०,०००।- सर्वसम्मतीले अनुमोदन गरियो ।

ग. **विविधः**

१. यस कम्पनीको सहायक कम्पनी हिमालयन इन्भेष्टमेण्ट बैंकर लिमिटेडको आ.व. २०८१/८२ को वित्तीय विवरण अनुमोदन गर्नको लागि सभाका अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा सभाबाट प्रस्तुत वित्तीय विवरण सर्वसम्मतीबाट अनुमोदन गर्ने निर्णय गरियो ।

२. कम्पनीको संचालक समितिमा संस्थापक समूहतर्फ रिक्त रहेको संचालक पदमा संचालक समितिको मिति २०८२।१०।२५ गतेको बैठकबाट नियुक्त हुनु भएको संचालक श्री दिपक नेपालको नियुक्ति अनुमोदनको लागि अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा सो नियुक्तिलाई सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरियो ।

९. **धन्यवाद ज्ञापनः**

कम्पनीको संचालक समितिको सदस्य श्री आशिष ढकालले कम्पनीको उन्नती र प्रगतीको लागि प्राप्त सुझावहरु ग्रहणयोग्य रहेको स्मरण गराउँदै सभामा उपस्थित संचालक, संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, नियामक निकाय नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय, सिडिएस एण्ड क्लियरिङ लिमिटेड, शेयर रजिष्टार प्रभु क्यापिटल लिमिटेड, कर्मचारीहरु, बीमितहरु, अभिकर्ताहरु, संचारकर्मीहरुका साथै कम्पनीको उन्नाइसौं बार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभयो ।

हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड HIMALAYANLIFE

१०. **सभाको बिसर्जनः**

अन्त्यमा, बार्षिक साधारण सभाको अध्यक्षता गर्नु भएको संचालक समितिको अध्यक्ष श्री शुलभ अग्रवालज्यूले उन्नाइसौं बार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्नु भएकोमा शेयरधनीहरु प्रति आभार तथा धन्यवाद प्रकट गर्दै छलफलको अन्य बिषयहरु नभएकोले सभा औपचारिक रुपमा समापन भएको घोषणा गर्नुभयो ।

..............................
ईश्वर कुमार सेडाई
कम्पनी सचिव

..............................
शुलभ अग्रवाल
अध्यक्ष